जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com

बर्ष १३ • अंक ३३७ • २०८३ असोज ९ गते शुक्रवार • 25 Sep. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# महोत्तरीमा स्थानीय तहहरूलाई उच्च सतर्कता अपनाउन निर्देशन



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ८ असोज**

भारीदेखि अति भारी वर्षाको पूर्वानुमानसँगै महोत्तरीमा बाढी, डुबान र नदी कटानको जोखिमलाई मध्यनजर गर्दै स्थानीय तहहरूलाई उच्च सतर्कता अपनाउन निर्देशन दिइएको छ ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले जिल्लाका सबै स्थानीय तहलाई पत्राचार गर्दै उद्धार टोलीदेखि राहत सामग्री र हेभी उपकरणसम्म तयारी अवस्थामा राख्न निर्देशन दिएको हो । जल तथा मौसम विज्ञान विभागको विशेष मौसमी बुलेटिनलाई आधार बनाउँदै जिल्ला प्रशासन कार्यालयले असोज ९ गतेदेखि ११ गतेसम्म देशका अधिकांश भू-भागमा मेघगर्जन र हावाहुरीसहित भारीदेखि अति भारी वर्षा हुने पूर्वानुमान रहेको जनाएको छ । यसको प्रत्यक्ष प्रभाव महोत्तरीमा समेत पर्न सक्ने भन्दै प्रशासनले सम्भावित विपद् रोकथाम तथा प्रतिकार्यका लागि तत्काल आवश्यक तयारी गर्न स्थानीय तहहरूलाई आग्रह गरेको हो । प्रशासनका अनुसार वर्षाका कारण जिल्लाका रातु, राँके, बडहरी, जंघा, मरोहालगायत नदी तथा खोलामा पानीको बहाव आकस्मिक रूपमा बढ्न सक्ने जोखिम छ ।

नदीको बहाव बढेसँगै कटान तथा सहरी र ग्रामीण क्षेत्र डुबानमा पर्न सक्ने सम्भावनालाई ध्यानमा राख्दै जोखिमयुक्त बस्तीको पहिचान गरी पूर्वतयारी गर्न भनिएको छ । जिल्ला प्रशासनले नदी, खोला तथा डुबानको जोखिममा रहेका तटीय र संवेदनशील बस्तीमा तत्काल माइकिङमार्फत सूचना प्रवाह गर्न निर्देशन दिएको छ । स्थानीय सञ्चारमाध्यमबाट समेत मौसम, बाढी तथा डुबानसम्बन्धी सूचना निरन्तर सम्प्रेषण गर्ने व्यवस्था मिलाउन प्रशासनले स्थानीय तहलाई आग्रह गरेको छ । सम्भावित उद्धारका लागि लाइफ ज्याकेट, लाइफ ब्वाय, डोरी, रबर बोट वा डुंगा, बन्चरो, स्ट्रेचर, टर्चलाइटलगायत खोज तथा उद्धार सामग्री दुरुस्त अवस्थामा राख्न भनिएको छ । सडक तथा बाटोघाटो अवरुद्ध भए तत्काल खुलाउन आवश्यक पर्ने जेसीबी, एक्साभेटर, लोडरलगायत हेभी उपकरणलाई चौबीसै घण्टा परिचालन गर्न सकिने गरी 'स्ट्यान्डबाइ' राख्नसमेत निर्देशन दिइएको छ ।

बाढी तथा डुबानबाट प्रभावित नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न स्थानीय तहले सम्भावित आश्रयस्थलसमेत पूर्वपहिचान गर्नुपर्नेछ । सामुदायिक भवन, विद्यालय तथा पक्की सार्वजनिक स्थललाई आवश्यकता अनुसार आश्रयस्थलका रूपमा प्रयोग गर्न सकिने गरी खानेपानी, सरसफाइ र विद्युत्को व्यवस्था मिलाउन प्रशासनले भनेको छ । प्रभावित परिवारका लागि आवश्यक पर्ने चिउरा, दालमोठ, बिस्कुट, तयारी खाना, त्रिपाल र म्याट्रेसलगायत आकस्मिक राहत सामग्री अग्रिम रूपमा भण्डारण गर्नसमेत निर्देशन दिइएको छ । सम्भावित विपद्पछि पानीजन्य तथा संक्रामक रोग फैलिन सक्ने अवस्थालाई मध्यनजर गर्दै स्थानीय तह मातहतका स्वास्थ्य संस्थालाई समेत तयारी अवस्थामा राख्न भनिएको छ । स्वास्थ्य संस्थामा आवश्यक औषधि, जीवनजल, एन्टिबायोटिक तथा स्वास्थ्यकर्मीको व्यवस्था मिलाउन प्रशासनले निर्देशन दिएको हो ।

# असोज ११ गतेसम्म उच्च सतर्कता अपनाउन आग्रह

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ८ असोज**



लगातारको वर्षाका कारण कमला नदी तथा तटीय क्षेत्रमा जोखिम बढ्न सक्ने भन्दै जिल्ला प्रशासन कार्यालय धनुषाले असोज ११ गतेसम्म उच्च सतर्कता अपनाउन आग्रह गरेको छ ।

जिल्ला विपद् कमाण्ड पोस्टका अधिकारी, स्थानीय तहका नगर प्रमुख तथा प्राविधिक कर्मचारीसहितको टोलीले कमला नदी र आसपासका तटीय क्षेत्रको स्थलगत अनुगमन गरेको छ । अनुगमनका क्रममा नदीको अवस्था तथा सम्भावित जोखिमबारे जानकारी लिँदै आवश्यक पूर्वतयारीका विषयमा समेत छलफल गरिएको जनाइएको छ । सम्भावित विपद्को अवस्थालाई मध्यनजर गर्दै नेपाली सेनासहित जिल्लाका चारवटै सुरक्षा निकायलाई तयारी अवस्थामा राखिएको छ ।

उद्धार तथा राहतका लागि आवश्यक जनशक्ति र स्रोतसाधनलाई समेत तयारी अवस्थामा राखिएको प्रशासनले जनाएको छ । धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले असोज ८ देखि ११ गतेसम्म वर्षाका कारण नदी तथा तटीय क्षेत्रमा जोखिम हुन सक्ने भएकाले सर्वसाधारणलाई सतर्क रहन आग्रह गरेका छन् । उनले नदी किनार तथा जोखिमयुक्त क्षेत्रमा अनावश्यक आवतजावत नगर्न र विपद्को संकेत देखिएमा तत्काल सुरक्षित स्थानतर्फ जान आग्रह गरे ।





## सुरक्षित यात्रा गरौं

- यात्रा गर्दा सवारी साधनको अवस्था जाँच गरौं,
- चालकले तोकिएको गति र सीमाको पूर्ण पालना गरौं,
- मोटरसाइकलमा हेल्मेट तथा चारपाङ्ग्रे सवारीमा सिटबेल्ट अनिवार्य प्रयोग गरौं,
- मादक पदार्थ सेवन गरी सवारी नचलाऔं,
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं,
- क्षमताभन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- लामो यात्रा गर्दा सवारी चालकले आवश्यक विश्राम लिने गरौं,
- सडक तथा मौसमको अवस्था हेरी सावधानीपूर्वक यात्रा गरौं ।

**सुरक्षित यात्राका लागि ट्राफिक नियमको अनिवार्य पालना गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय.................

# बचौं र अरुलाई पनि बचाऔं

जल तथा मौसम विज्ञान विभागको अनुसार असोज ९ गतेदेखि असोज ११ गतेसम्म भारी वर्षा भई जनधनको क्षति हुने भनिएकोले सबै जनाले सुरक्षित भई बचौं र अरुलाई पनि बचाउनु आवश्यक रहेको देखिन्छ। बिहिबार रातिसम्म वागमति नदीमा जलस्तरको उच्च बहाव देखिएकोले २६ वटा ढोकाहरु खोलि खतराको घण्टी बजाइएको छ। विभागका अनुसार मधेश, कोशी बागमती र सुदूरपश्चिम प्रदेशका थोरै स्थानहरूमा च'ट्याङ हावाहु'रीका साथ भारी वर्षा र अति भारी वर्षा ,कर्णाली प्रदेशमा पनि भारी वर्षाको सम्भावना रहेको छ। देशका अधिकांश भागहरूमा मेघ 'गर्जन च'ट्याङ हावाहु'री सहित मध्यम वर्षा हुनेछ। तसर्थ बा'ढी प'हिरो तथा भू'क्षयको जो'खिम रहेको सहरी तथा तराईका क्षेत्रहरूमा डु'बानको जो'खिम, साना तथा ठूला नदीहरूमा जल सतह बढ्ने भएकाले नदी आसपासमा भएका निर्माण कार्य, सडक तथा हवाई यातायात समेत प्र'भावित हुने भएकाले सतर्कता अपनाउन आवश्यक रहेको देखिन्छ। यसैगरी हिमाली क्षेत्रमा पनि भारी वर्षा र भारी हिमपा'तको सम्भावना भएकोले पर्वातारोही तथा सम्बन्धित सबैले उच्च सतर्कता अपनाउन जरुरी रहेको देखिन्छ। संघीय गृह मन्त्रालयले सूचना जारी गरी असोज ९ देखि असोज ११ गते सम्म शिक्षालयका सबै कार्यक्रमहरु रोकी सबैलाई आफ्नो ठाउँमा सुरक्षित रहन तथा अरुलाई समेत सुरक्षित रहन अनुरोध गरेको छ। मधेस प्रदेशका करिब सबैजसो पालिकाहरुले असोज ९ गते सार्वजनिक बिदा दिईसकेका छन् भने असोज १० र ११ गते शनिवार र आइतबार क्रमश: बिदा नै भएकोले तीन दिन शैक्षिक क्रियाकलापहरु बन्द रहने भएको छ। यस परिवेशमा सम्बन्धीत सरोकारवालाहरुले समेत ध्यान दिन जरुरी छ।

# पीडित परिवारद्वारा प्रहरीको भूमिकामाथि प्रश्न

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ८ असोज**



जनकपुरधाममा कारको ठक्करबाट गम्भीर घाइते भएका सर्लाहीका एक इ-रिक्सा चालकको उपचार तथा न्यायको प्रक्रियालाई लिएर पीडित परिवारले प्रहरीको भूमिकामाथि प्रश्न उठाएको छ।

दुर्घटनापछि प्रहरीले कार चालकलाई हाजिरी जमानीमा छाडेको र त्यसपछि पटकपटक आग्रह गर्दा पनि आरोपित पक्षले घाइतेको उपचार तथा हेरचाहमा कुनै सहयोग नगरेको पीडित परिवारको आरोप छ। सर्लाहीको पर्सा गाउँपालिका-५ का करिब ५० वर्षीय कैलाश महतो सुडी जनकपुरधाममा इ-रिक्सा चलाउँदै आएका थिए। गत असोज ४ गते बेलुका करिव ६ बजे जनकपुरधाममा इ-रिक्सा चलाउने क्रममा उनलाई कारले ठक्कर दिएको भन्दै उनका छोरा विक्रम महतोले जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिएका छन्।

पीडित परिवारका अनुसार महतोले चलाइरहेको मधेश प्रदेश ०२-००१ ह ३६६२ नम्बरको इ-रिक्सालाई पछाडिबाट साइड लिने क्रममा बिआर ०६ इएफ ४६८० नम्बरको कारले ठक्कर दिएको थियो। ठक्करबाट महतोको टाउको, नाक, दाँत तथा शरीरका विभिन्न भागमा गम्भीर चोट लागेको छ।

उजुरीमा जनकपुरधाम उपमहानगरपालिका-२ बस्ने विजय कर्णका छोरा २२ वर्षीय आदित्य कर्णले कार चलाएको उल्लेख गरिएको छ। घटनापछि घाइते महतोको उपचार जनकपुरधामस्थित जानकी हेल्थ केयरमा भइरहेको छ। पछि प्रहरीले उनको चोटपटकको औपचारिक परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुरधामलाई समेत पत्राचार गरेको देखिन्छ।

# सर्वसाधारणलाई उच्च सतर्कता अपनाउन आग्रह

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ८ असोज**




मौसममा प्रतिकूल अवस्था देखिन सक्ने पूर्वानुमानसँगै धनुषाको बटेश्वर गाउँपालिकाले सर्वसाधारणलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ।

गाउँपालिकाले असोज ९ गतेदेखि ११ गतेसम्म मेघगर्जन, चट्याङ, हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षा हुनसक्ने भन्दै जोखिमयुक्त क्षेत्रमा विशेष सावधानी अपनाउन अनुरोध गरेको हो। नेपाल मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जारी गरेको विशेष मौसमी बुलेटिनलाई आधार बनाउँदै गाउँपालिकाले बिहीबार सार्वजनिक सूचना जारी गरेको हो। सूचनामा असोज ९ गते शुक्रबारदेखि ११ गतेसम्म देशका विभिन्न स्थानमा प्रतिकूल मौसमको सम्भावना रहेकाले सम्भावित विपद्बाट जोगिन पूर्वतयारी गर्न सर्वसाधारणलाई आग्रह गरिएको छ। गाउँपालिकाले असोज ८ गतेदेखि १२ गतेसम्म अत्यावश्यक कामबाहेक लामो दूरीको यात्रा नगर्न आग्रह गरेको छ।

पहिरोको जोखिम भएका राजमार्ग तथा सडकखण्डमा विशेष सावधानी अपनाउन तथा सम्भावित जोखिमलाई ध्यानमा राख्दै रात्रिकालीन यात्रा बन्द वा स्थगित गर्नसमेत अनुरोध गरिएको छ। बाढीको जोखिम रहेका नदी, खोला तथा ताल आसपासका बासिन्दालाई जलसतहको अवस्था निरन्तर निगरानी गर्न र जोखिम बढेमा सुरक्षित स्थानतर्फ जान सक्ने गरी आवश्यक व्यवस्था मिलाउन गाउँपालिकाले आग्रह गरेको छ। वर्षाको सम्भावनालाई मध्यनजर गर्दै गाउँपालिकाले किसानलाई समेत विशेष सावधानी अपनाउन भनेको छ। पाकेको धान तथा अन्य बाली भित्र्याउने काम तत्कालका लागि स्थगित गर्न वा भित्र्याइसकेको बालीलाई सुरक्षित स्थानमा राख्न अनुरोध गरिएको छ।

सम्भावित विपद्का बेला आवश्यक उद्धार तथा सूचनाका लागि गाउँपालिकाले आपत्कालीन सम्पर्क नम्बरसमेत सार्वजनिक गरेको छ। मौसम तथा बाढीसम्बन्धी जानकारीका लागि टोल फ्री नम्बर ११५५, नेपाल प्रहरी १०० र सशस्त्र प्रहरी बल १०१० मा सम्पर्क गर्न सकिने जनाएको छ।

## जनहितमा जारी सन्देश

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, वसाइसराई, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सवै पालिकावासीले सहयोग गरौं।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं।

अनुरोधकर्ता
नरहा गाउँपालिकाको कार्यालय
सिरहा, मधेश प्रदेश

## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: अनावश्यक खर्चको संभावना
मिथून: अनावश्यक चिन्ता
कर्कट: खानपानमा समस्या आउने
सिंह: पिछडेको साथी मिल्ने
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: आम्दानी हुने
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: लामो यात्राको योग छ
मकर: मनमा पछुतो आउने
कूम्भ: मित्रतामा फाटो आउने
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# फकल्यान्डमाथि अर्जेन्टिनाको दाबी दोहोऱ्याउँदै मिलेई



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ८ असोज

अर्जेन्टिनाका राष्ट्रपति जेभियर मिलेईले बेलायतसँग विवादित फकल्यान्ड टापुमाथि आफ्नो देशको सार्वभौमिकताको दाबी दोहोऱ्याउँदै विवादको शान्तिपूर्ण समाधानका लागि वार्ता पुनः सुरु गर्न आह्वान गरेका छन् ।

उनले अर्जेन्टिनामा माल्भिनास नामले चिनिने फकल्यान्ड टापु आफ्नो देशका लागि राष्ट्रिय मुद्दा भएको बताएका छन् । संयुक्त राष्ट्रसङ्घको महासभालाई सम्बोधन गर्दै मिलेईले विवाद समाधान नभएसम्म एकपक्षीय परिवर्तन नगर्न आह्वान गर्ने अन्तर्राष्ट्रिय प्रस्ताव कार्यान्वयन गर्न संयुक्त राष्ट्रसङ्घ असफल भएको आरोप लगाए । उनले बेलायतलाई सार्वभौमिकता विवाद समाधानका लागि वार्तामा फर्कन आग्रह गरे । मिलेईले माल्भिनासको विषय अर्जेन्टिना र बेलायतबीचको विवादमा मात्र सीमित नरहेको भन्दै संयुक्त राष्ट्रसङ्घले आफ्नै प्रस्ताव कार्यान्वयन गर्न सक्ने क्षमता पनि यसबाट परीक्षण भइरहेको बताए । उनले संयुक्त राष्ट्रसङ्घको भूमिकाको आलोचना गर्दै विवादमा पर्याप्त पहल नगरेको आरोपसमेत लगाए ।

फकल्यान्ड विवाद पछिल्ला दिनमा समुद्री क्षेत्रमा तेल उत्खननसँग जोडिएर थप चर्किएको छ । अर्जेन्टिनाले यसै महिनाको सुरुआतमा फकल्यान्ड वरपरको समुद्री क्षेत्रमा तेल उत्खनन परियोजनासँग सम्बन्धित ६० भन्दा बढी कम्पनी तथा व्यक्तिविरुद्ध प्रतिबन्ध प्रक्रिया अघि बढाएको थियो । गत साता मिलेई सरकारले अर्जेन्टिनाको अनुमति बिना प्राकृतिक स्रोतको उपयोग गर्नेहरूमाथि कडा कारबाही गर्ने व्यवस्था समेटिएको विधेयक पनि संसद्मा पेस गरेको थियो । यसैबीच, बेलायती प्रधानमन्त्री एन्डी बर्नह्यामले फकल्यान्ड टापुका बासिन्दाको आत्मनिर्णयको अधिकार र बेलायती रहिरहने अधिकारको रक्षा गर्ने बताएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग मंगलबार भएको भेटपछि उनले कुनै पनि खतराको सामना गर्न बेलायत दृढ रहने बताएका थिए । सन् १९८२ मा अर्जेन्टिनाले तत्कालीन सैन्य शासनअन्तर्गत फकल्यान्डमा आक्रमण गरेपछि बेलायतले सैन्य कारबाही गरी टापुमाथि पुनः नियन्त्रण कायम गरेको थियो ।

# विदेशी फिल्मको प्रभाव घटाउने प्रयासमा छु : निखिल उप्रेती

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ८ असोज



अभिनेता तथा निर्देशक निखिल उप्रेतीले नेपाली फिल्ममा विदेशी फिल्मको प्रभाव कम गर्दै नेपाली दर्शकलाई आफ्नै फिल्ममार्फत अन्तर्राष्ट्रिय स्तरको स्वाद र प्रस्तुति दिने प्रयासमा आफू रहेको बताए ।

यही प्रयास स्वरूप आफ्नो निर्देशन तथा अभिनय रहेको फिल्म 'आचार्य' निर्माण भएको उनको भनाई छ । 'विदेशी फिल्मलाई नेपालमा प्रतिबन्ध लगाउन वा प्रदर्शन हुन नदिन सकिँदैन', उप्रेतीले भने 'अब नेपाली फिल्मले विदेशी फिल्मसँग प्रतिस्पर्धा गर्न सक्ने सक्षम बनाउँछु पर्छ ।' नेपाल फिल्ममा विदेशी स्तरको प्रविधि, प्रस्तुति र विषयवस्तु दिन सके बिस्तारै विदेशी फिल्मको प्रभाव घटाउन सकिने उनको भनाई रहेको छ । 'हाम्रो देशमा खुला बजार छ । विश्वभरिका फिल्महरू हामीकहाँ आउँछन् । धेरै महँगा फिल्महरू आउँछन् र ती हेर्ने स्वतन्त्रता पनि दर्शकलाई छ,' निखिलले थपे 'तर हामी गरिब छौं भनेर मेहनतमा गरिब नहोऔं ।'

निखिलका अनुसार 'आचार्य'को कथा नेपाली भए पनि यसको प्रस्तुति अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउने प्रयास गरिएको छ। नेपाली कथालाई नेपालीपनमै राखेर आधुनिक प्रविधि र फरक सिनेमाटिक प्रस्तुतिमार्फत दर्शकमाझ लैजाने उद्देश्यले फिल्म निर्माण गरिएको उनले बताए ।

'आचार्य' आगामी शुक्रबारदेखि प्रदर्शनमा आउँदैछ । फिल्ममा निखिल उप्रेतीसँगै पूर्णिका सिजापति, प्रमोद अग्रहरि तथा भारतीय कलाकारहरूको अभिनय छ ।

# ईभी गाडी र मोटरसाइकल ठोक्किँदा एक जनाको मृत्यु

जलेश्वरटुडे समाचारदाता
रौतहट, ८ असोज

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत रौतहटको धनसार-जङ्गलसहिया सडकखण्डमा ईभी गाडी र मोटरसाइकल ठोक्किँदा मोटरसाइकल चालकको मृत्यु भएको छ । दुर्घटनामा मोटरसाइकलमा पछाडि सवार एकजना गम्भीर घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमका अनुसार मृत्यु हुनेमा फतुवा विजयपुर नगरपालिका-५, सन्तपुर दोस्तियाका २० वर्षीय सन्देश यादव रहेका छन् । घाइते हुनेमा कटहरिया नगरपालिका-८, बलुवा टोलका २० वर्षीय राजगीर यादव रहेका छन् ।

प्रहरीका अनुसार बुधबार साँझ गुजरा नगरपालिका-३ स्थित धनसार गेटबाट करिब एक किलोमिटर दक्षिण कल्भर्ट नजिक दुर्घटना भएको हो । निजगढतर्फबाट आउँदै गरेको मधेश प्रदेश ०३-००१ ज ०५९५ नम्बरको ईभी र विपरीत दिशाबाट आउँदै गरेको बा ८५ प ४६२५ नम्बरको मोटरसाइकल आमनेसामने ठोक्किएका थिए ।

दुर्घटनामा मोटरसाइकल चालक सन्देशको हात, खुट्टा तथा शरीरका विभिन्न भागमा चोट लागेको थियो ।

## जनहितमा जारी सन्देश

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं ।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं ।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, वसाइसराई, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं ।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सवै पालिकावासीले सहयोग गरौं ।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं ।

अनुरोधकर्ता
सिरहा नगरपालिकाको कार्यालय
सिरहा, मधेश प्रदेश

## जनहितमा जारी सन्देश

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं ।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं ।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, वसाइसराई, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं ।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सवै पालिकावासीले सहयोग गरौं ।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं ।

अनुरोधकर्ता
गणेशमान चारनाथ नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

## जनहितमा जारी सन्देश

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं ।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं ।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, वसाइसराई, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं ।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सवै पालिकावासीले सहयोग गरौं ।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं ।

अनुरोधकर्ता
विष्णुपुर गाउंपालिकाको कार्यालय
सिरहा, मधेश प्रदेश

## जनहितमा जारी सन्देश

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं ।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं ।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, वसाइसराई, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं ।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सवै पालिकावासीले सहयोग गरौं ।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं ।

अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# प्रधानमन्त्री बालेन्द्र शाहको न्यूयोर्क यात्रा सही अर्थमा नेपालको कूटनीतिक परीक्षाको घडी हो

**-प्रेमचन्द्र झा**

विकास सहयोग, जलवायु वित्त, प्रविधि हस्तान्तरण र सहुलियतपूर्ण वित्तमा संक्रमणकालीन सहयोग जारी राख्नुपर्ने माग नेपालले उठाउन सक्छ। स्तरोन्नति नेपालको उपलब्धि हो, तर त्यसलाई नयाँ जोखिममा धकेलिने अवस्था बन्न दिनु हुँदैन। प्रधानमन्त्री शाहको भ्रमणमा अर्को विषयले पनि विशेष स्थान पाउनुपर्छ–विश्वभर छरिएर रहेका नेपाली । नेपालको सबैभन्दा ठूलो अदृश्य शक्ति आज विदेशमा छ । अमेरिकामा नेपाली चिकित्सक छन्, इन्जिनियर छन्, वैज्ञानिक छन्, आई टी विज्ञ छन्, व्यवसायी छन्। युरोप, अस्ट्रेलिया, जापान, खाडी र अन्य मुलुकमा नेपालीले आर्जन गरेका सीप, ज्ञान, पूँजी र सम्पर्क नेपालका लागि ठूलो स्रोत बन्न सक्छन्। तर राज्यले उनीहरूलाई धेरैजसो रेमिट्यान्स पठाउने नागरिकका रूपमा मात्र हेरेको छ।

यो सोच बदल्नुपर्छ। 'एक पटकको नेपाली, सधैंको नेपाली' भन्ने भावना अब नीति बन्नुपर्छ। विदेशमा रहेका नेपालीलाई नेपालको विकासमा जोड्ने हो भने सरकारसँग स्पष्ट संरचना हुनुपर्छ । विदेशमा रहेका नेपाली विज्ञको डेटाबेस, विषयगत विशेषज्ञ समूह, विश्वविद्यालय-सरकार सहकार्य, डाइसपोर इनभेस्मेन्ट प्लान्टफोरम र विपद् पुनर्निर्माण साझेदारी कार्यक्रम बनाउन सकिन्छ । भोटेकोशी विपद्पछि विदेशमा रहेका नेपालीले पैसा उठाएर पठाउनु मात्र समाधान होइन। अमेरिकामा बसेको नेपाली जलवायु वैज्ञानिकले नेपालका लागि हिमताल जोखिम मोडल बनाउन सक्छ । इन्जिनियरले पुल डिजाइनमा सहयोग गर्न सक्छ । चिकित्सकले दुर्गम स्वास्थ्य प्रणालीमा टेलिमेडिसिनको नेटवर्क बनाउन सक्छ । आई टी विज्ञले बाढी पूर्वसूचना प्रणाली बनाउन सक्छ । व्यवसायीले पुनर्निर्माणमा लगानी गर्न सक्छ। अनुसन्धानकर्ताले हिमालयको जोखिमबारे विश्वका विश्वविद्यालयसँग नेपालको सहकार्य गराउन सक्छ । प्रश्न पैसा मात्रको होइन, ज्ञानको हो । प्रधानमन्त्री शाहले अमेरिकामा नेपाली समुदायसँग संवाद गर्दा 'नेपाल फर्कनुस्' भन्ने परम्परागत आग्रहभन्दा 'नेपालसँग जोडिनुस्' भन्ने नयाँ प्रस्ताव गर्नुपर्छ । सबै नेपाली नेपाल फर्कन सम्भव छैनन् । तर उनीहरू जहाँ छन्, त्यहीँबाट नेपालका लागि काम गर्न सक्छन् । राज्यले त्यसका लागि ढोका खोल्नुपर्छ । अमेरिका भ्रमणको अर्को पक्ष अमेरिकी सरकारसँगको सम्बन्ध हो । संयुक्त राष्ट्रसंघीय कार्यक्रमलाई मात्र केन्द्रमा राखेर प्रधानमन्त्री फर्किए भने भ्रमणको एउटा सम्भावना छुट्न सक्छ। अमेरिकासँग नेपालले शिक्षा, प्रविधि, अनुसन्धान, स्वास्थ्य, जलवायु, डिजिटल शासन, निजी लगानी र विपद् व्यवस्थापनका क्षेत्रमा सहकार्य खोज्न सक्छ । अमेरिकी विश्वविद्यालयमा अध्ययनरत नेपाली विद्यार्थी र अनुसन्धानकर्तालाई नेपालसँग जोड्ने कार्यक्रम पनि बनाउन सकिन्छ । तर यहाँ पनि प्रश्न उठ्छ–कति सहकार्य भयो भन्नेभन्दा कति कार्यान्वयन भयो ? विदेश भ्रमणपछि जारी हुने संयुक्त वक्तव्यमा प्रायः 'सहकार्य गर्ने', 'सम्भावना खोज्ने', 'सम्बन्ध अझ सुदृढ गर्ने' जस्ता शब्द हुन्छन् । नेपालले अब शब्दभन्दा परिणाम माग्नुपर्छ । प्रधानमन्त्री फर्किएपछि सरकारले सार्वजनिक गर्नुपर्ने एउटा दस्तावेज आवश्यक छ–अमेरिका तथा संयुक्त राष्ट्रसंघ भ्रमण कार्यान्वयन प्रतिवेदन ।

कुन देशसँग के कुरा भयो ? कुन संस्थाले के प्रतिबद्धता जनायो ? कति रकम वा प्राविधिक सहयोग आउने भयो ? कुन परियोजनामा आउने भयो ? कसले कार्यान्वयन गर्ने ? समयसीमा के हो ? अनुगमन कसले गर्ने ? यी प्रश्नको उत्तर सार्वजनिक हुनुपर्छ। यस्तो अभ्यासले विदेश भ्रमणलाई व्यक्तिगत कूटनीतिक उपलब्धिको प्रचारबाट राष्ट्रिय उपलब्धिको परीक्षणमा ल्याउँछ। प्रधानमन्त्री शाहले संयुक्त राष्ट्रसंघका महासचिव गुटेरेससँगको भेटमा पनि यही स्पष्ट एजेन्डा राख्न सक्छन् । नेपालले हिमाली जलवायु जोखिमलाई संयुक्त राष्ट्रसंघको प्राथमिकतामा राख्न, हिमाली मुलुकका लागि पूर्वसूचना प्रणाली विस्तार गर्न, जलवायु वित्तमा पहुँच सरल बनाउन र विपद्पछिको पुनर्निर्माणमा संयुक्त राष्ट्रसंघीय निकायको भूमिका विस्तार गर्न आग्रह गर्न सक्छ। विश्व अहिले युद्ध, आर्थिक संकट, विस्थापन र जलवायु संकटले थिचिएको अवस्थामा छ । संयुक्त राष्ट्रसंघको ८१औं महासभाको मुख्य नारामै विश्वव्यापी विश्वास पुनर्स्थापना र परिवर्तन व्यवस्थापनको कुरा छ । यस्तो समयमा नेपालले आफ्नो विषयलाई विश्वव्यापी संकटको एउटा थप सूचीका रूपमा मात्र प्रस्तुत गर्नु हुँदैन । नेपालले भन्नुपर्छ–हिमालयको संकट दक्षिण एसियाको मात्र संकट होइन, विश्वव्यापी जलवायु सुरक्षाको संकट हो । संयुक्त राष्ट्रसंघको उच्चस्तरीय सप्ताह अशोज ०५ गते देखि १० गते अशोज सम्म चलिरहेको छ र महासभाको सामान्य बहस ०६ गते देखि १० गते अशोज तथा १२ गते अशोज सम्म तय गरिएको छ। यसपटक प्रधानमन्त्री शाहले विश्वमञ्चमा नेपालका केही कठिन प्रश्न पनि राख्न सक्छन् । पहिलो, जलवायु संकटको भार र जिम्मेवारीबीचको असमानता कहिलेसम्म ? दोस्रो, हिमाली देशका लागि जलवायु वित्त किन सहज छैन ? तेस्रो, विपद्पछि ऋण थप्ने कि जोखिममा रहेका देशलाई अनुदान र सहुलियतपूर्ण वित्त दिने ? चौथो, हिमालयको वैज्ञानिक तथ्यांकमा क्षेत्रीय सहकार्य किन संस्थागत हुन नसक्ने ? पाँचौं, सीमापार नदीको बाढी सूचना वास्तविक समयमा आदानप्रदान गर्न नेपाल, भारत र चीनबीच स्थायी संयन्त्र किन नबन्ने ? छैटौं, एल डि सी बाट स्तरोन्नति हुँदै गरेको नेपाललाई जलवायु र भौगोलिक जोखिमका कारण विशेष संक्रमणकालीन सुविधा किन नदिने ? सातौं, विदेशमा रहेका करोडौं नेपाली मूलका मानिसलाई नेपालको विकासमा जोड्ने विश्वव्यापी ज्ञान सञ्जाल किन नबनाउने ?

यी प्रश्नको उत्तर खोज्ने हो भने प्रधानमन्त्रीको भाषण केवल भाषण रहँदैन । त्यो नेपालको नयाँ कूटनीतिक प्रस्ताव बन्न सक्छ। तर यसको एउटा पूर्वशर्त छ–नेपाल आफैं विश्वसनीय हुनुपर्छ । अन्तर्राष्ट्रिय समुदायले दिएको सहयोग कहाँ खर्च भयो भन्ने नागरिकले थाहा पाउनुपर्छ । भोटेकोशी पुनर्निर्माणमा आएको रकम राजनीतिक भागबन्डाको विषय बन्नु हुँदैन । ठेकेदार र बिचौलियाको कमाइको माध्यम बन्नु हुँदैन । पुनर्निर्माणको नाममा पुरानै कमजोर संरचना दोहोरिनु हुँदैन । प्रभावित नागरिकलाई वास्तविक निर्णय प्रक्रियामा सहभागी गराउनुपर्छ । सार्वजनिक खरिद पारदर्शी हुनुपर्छ। प्रत्येक परियोजनाको लागत, ठेक्का, प्रगति र खर्च सार्वजनिक हुनुपर्छ । नत्र विश्वसँग 'हामीलाई जलवायु न्याय चाहियो' भन्ने नेपालको नैतिक शक्ति कमजोर हुन्छ । विश्वले नेपाललाई एउटा प्रश्न सोध्न सक्छ–तिमीहरूले आफ्नो स्रोत र सहयोगको सदुपयोग कति पारदर्शी ढंगले गर्छौ ? नेपालसँग त्यसको उत्तर तयार हुनुपर्छ। प्रधानमन्त्री शाहको अमेरिका यात्रा त्यसैले दुई तहको परीक्षा हो। पहिलो, विश्वलाई नेपालले आफ्नो समस्या कति प्रभावकारी रूपमा बुझाउन सक्छ ? दोस्रो, विश्वले दिएको अवसर नेपालले कति जिम्मेवारीपूर्वक प्रयोग गर्छ ?

न्यूयोर्कमा उभिएर बाढीको आँकडा पढ्नु सजिलो छ। तर त्यो आँकडाभित्रका परिवारको पीडा विश्वलाई महसुस गराउनु कठिन छ । त्यसभन्दा कठिन छ–त्यो पीडालाई नीतिमा बदल्नु । र सबैभन्दा कठिन छ–नीतिलाई बजेट, बजेटलाई परियोजना र परियोजनालाई परिणाममा बदल्नु । प्रधानमन्त्री शाहले यही कठिन बाटो रोज्नुपर्छ । उनीसँग अहिले एउटा असाधारण अवसर छ । पुराना प्रधानमन्त्रीहरूका विदेश भ्रमणमा प्रायः राजनीतिक भेटघाट, औपचारिक वार्ता र सहायता सम्झौता प्रमुख हुने गरेका थिए । शाहले त्यसलाई नयाँ ढाँचामा बदल्न सक्छन्। नेपालका लागि विदेश नीति भनेको अब केवल परराष्ट्र मन्त्रालयको काम होइन ।

यो जलवायु, ऊर्जा, अर्थतन्त्र, विपद् व्यवस्थापन, विज्ञान, प्रविधि, लगानी, रोजगारी र प्रवासी नेपालीसँग जोडिएको राष्ट्रिय रणनीति हो भन्ने सन्देश दिन सक्छन्। भारत र चीनलाई हिमालयका साझेदार बनाउने, अमेरिकालाई प्रविधि र ज्ञानको साझेदार बनाउने, संयुक्त राष्ट्रसंघलाई जलवायु न्याय र पुनर्निर्माणको साझेदार बनाउने र विदेशमा रहेका नेपालीलाई विकासको साझेदार बनाउने–यो चार तहको कूटनीति नेपालले अघि बढाउन सक्छ । यसमा एउटा कुरा पनि बिर्सनु हुँदैन । नेपालले भारत र चीनसँग सहयोग माग्दा आफ्नो राष्ट्रिय हितको सीमा स्पष्ट राख्नुपर्छ । अमेरिका र अन्य पश्चिमी देशसँग सहकार्य गर्दा पनि नेपालको रणनीतिक स्वायत्तता सुरक्षित हुनुपर्छ । कुनै पनि अन्तर्राष्ट्रिय साझेदारीको मूल्यांकन नेपालको संविधान, राष्ट्रिय हित, सार्वभौमिकता, भौगोलिक अखण्डता र दीर्घकालीन आर्थिक हितका आधारमा हुनुपर्छ। नेपालले कसैको पक्ष लिनुपर्ने होइन। नेपालले आफ्नो पक्ष लिनुपर्ने हो । त्यही कारण प्रधानमन्त्री शाहको न्यूयोर्क यात्रा 'बालेनको विदेश भ्रमण' भनेर मात्र हेर्नु पनि गलत हुन्छ। यो नेपालको विदेश नीतिले नयाँ भाषा खोज्ने अवसर हो। नेपालको पुरानो भाषा थियो–'हामी सानो देश हौं ।' नयाँ भाषा हुनुपर्छ–'हामी सानो कार्बन उत्सर्जक तर ठूलो जलवायु जोखिम बोकेको देश हौं।' पुरानो भाषा थियो–'हामीलाई सहयोग चाहिन्छ ।' नयाँ भाषा हुनुपर्छ–'हामीलाई न्यायपूर्ण साझेदारी चाहिन्छ ।' पुरानो शैली थियो–'हामीलाई सडक, पुल र परियोजना बनाइदिनुस् ।' नयाँ शैली हुनुपर्छ–'हामीलाई भविष्यका विपद् सहन सक्ने पूर्वाधार बनाउन प्रविधि, वित्त र ज्ञानको साझेदारी चाहिन्छ ।' पुरानो सोच थियो–'विदेशमा रहेका नेपालीबाट पैसा पठाउन लगाउने ।' नयाँ सोच हुनुपर्छ–'विश्वभर रहेका नेपालीको पूँजी, सीप, ज्ञान र नेटवर्कलाई नेपालको विकासमा जोड्ने ।' र पुरानो कूटनीति थियो–'भारत र चीनसँग सन्तुलन कायम गर्ने ।' नयाँ कूटनीति हुनुपर्छ–'भारत र चीन दुवैलाई नेपालको हिमाली, नदी र ऊर्जा सुरक्षाका साझेदार बनाउने ।' भोटेकोशीको विपद्ले नेपाललाई ठूलो पीडा दिएको छ । तर त्यही विपद्ले नेपालको कूटनीतिक प्राथमिकता पुनः परिभाषित गर्ने अवसर पनि दिएको छ । संयुक्त राष्ट्रसंघले ४९.६ मिलियन डलरको आपत्कालीन अपिल गरिसकेको छ।

चीनले दुई मिलियन डलर सरकारी सहायता र थप मानवीय तथा प्राविधिक सहयोग उपलब्ध गराइसकेको छ । चीनले राहत सामग्री र प्रारम्भिक चेतावनीसम्बन्धी सहकार्य पनि अघि बढाएको छ । अब नेपालले त्यसपछि के गर्ने ? यही प्रश्न न्यूयोर्कमा प्रधानमन्त्री शाहको अगाडि हुनेछ । विश्वका नेताहरूका अगाडि नेपालका लागि बोल्नु सजिलो हुनेछैन । त्यहाँ ठूला अर्थतन्त्रका देश हुनेछन्, युद्धग्रस्त देश हुनेछन्, शक्तिशाली सैन्य राष्ट्र हुनेछन्, ठूलो जनसंख्या भएका मुलुक हुनेछन् । तर नेपालसँग पनि एउटा अद्वितीय नैतिक र भौगोलिक आवाज छ–हिमालयको आवाज। त्यो आवाज कमजोर हुनु हुँदैन । प्रधानमन्त्री शाहले विश्वलाई भन्न सक्नुपर्छ–नेपाल विश्वको समस्या होइन, विश्वको समाधानमा योगदान गर्ने देश बन्न चाहन्छ। तर त्यसका लागि नेपालको हिमाल, नदी, वन, कृषि, ऊर्जा र नागरिकलाई जलवायु संकटबाट जोगाउन अन्तर्राष्ट्रिय साझेदारी आवश्यक छ। उनले भन्न सक्नुपर्छ–नेपालले सहयोगको हात फैलाएको छ, तर आत्मसमर्पण गरेको छैन । नेपाल सहायता खोज्दैछ, तर आफ्नो विकासको स्वामित्व अरूलाई दिन खोजेको होइन । नेपाल अन्तर्राष्ट्रिय साझेदारी खोज्दैछ, तर राष्ट्रिय निर्णयको अधिकार सुरक्षित राख्दै । अन्ततः प्रश्न प्रधानमन्त्री शाहले महासभामा के बोल्छन् भन्नेभन्दा ठूलो छ । प्रश्न यो हो–उनले बोलेका कुरा काठमाडौं फर्किएपछि नेपालको नीति बन्छ कि बन्द फाइल ? यदि भोटेकोशी पुनर्निर्माणका लागि स्पष्ट अन्तर्राष्ट्रिय साझेदारी बन्यो, यदि जलवायु वित्तमा नेपालको पहुँच विस्तार भयो, यदि हिमालयका लागि क्षेत्रीय पूर्वसूचना संयन्त्रको ठोस पहल सुरु भयो, यदि भारत र चीनसँग विपद् तथा नदीसम्बन्धी सहकार्य नयाँ तहमा पुग्यो, यदि अमेरिकासँग प्रविधि, शिक्षा र लगानीको ठोस कार्यक्रम आयो, यदि एल डि सी स्तरोन्नतिलाई सुरक्षित बनाउन अन्तर्राष्ट्रिय सहयोग सुनिश्चित भयो र यदि विश्वभरका नेपालीलाई नेपालको विकास साझेदार बनाउने नीति सुरु भयो भने न्यूयोर्क यात्रा ऐतिहासिक बन्न सक्छ ।

तर यदि फर्किएपछि फेरि पुरानै कथा दोहोरियो–भेटघाट भयो, फोटो खिचियो, भाषण भयो, प्रेस विज्ञप्ति जारी भयो र केही दिनपछि सबै बिर्सियो–भने नेपालको समस्या जस्ताको तस्तै रहनेछ । नेपाललाई अहिले त्यस्तो भ्रमणको आवश्यकता छैन जसको उपलब्धि विमानस्थलको स्वागत र बिदाइमा सीमित होस् । नेपाललाई त्यस्तो भ्रमण चाहिएको छ जसको परिणाम गाउँको भत्किएको पुलमा देखियोस्, बाढी आउनुअघि मोबाइलमा आउने पूर्वसूचनामा देखियोस्, पुनर्निर्माणको पारदर्शी खातामा देखियोस्, जलवायु वित्तको नयाँ परियोजनामा देखियोस्, विदेशमा रहेका नेपाली विशेषज्ञले नेपालमा गरेको अनुसन्धानमा देखियोस् र हिमालयलाई विश्वको साझा सम्पदाका रूपमा हेर्ने अन्तर्राष्ट्रिय सहमतिमा देखियोस् ।

न्यूयोर्कमा प्रधानमन्त्री शाहले नेपालको पीडा सुनाउनुपर्छ। तर त्यसभन्दा बढी नेपालको प्रस्ताव सुनाउनुपर्छ। उनले राहत माग्नुपर्छ । तर राहतभन्दा बढी पुनर्निर्माणको साझेदारी माग्नुपर्छ। उनले जलवायु न्यायको कुरा गर्नुपर्छ। तर त्यसलाई पैसा, प्रविधि र संस्थागत संयन्त्रसँग जोड्नुपर्छ। उनले भारत र चीनको सहयोग खोज्नुपर्छ । तर नेपालको राष्ट्रिय हितको स्पष्ट सीमाभित्र । उनले अमेरिकासँग सहकार्य बढाउनुपर्छ । तर परिणाममुखी र पारदर्शी आधारमा । उनले संयुक्त राष्ट्रसंघलाई गुहार्नुपर्छ । तर नेपाललाई स्थायी रूपमा सहायता निर्भर बनाउने होइन, विपद् प्रतिरोधी र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा सहयोग माग्नुपर्छ। र उनले विश्वभर रहेका नेपालीलाई सम्झाउनुपर्छ–नेपालसँगको सम्बन्ध पासपोर्टमा मात्र हुँदैन, मातृभूमिसँगको सम्बन्ध मन, ज्ञान, सीप, पूँजी र जिम्मेवारीमा पनि हुन्छ । 'एकपटकको नेपाली, सधैंको नेपाली' यदि नारामात्र नभएर राष्ट्रिय नीति बन्न सक्यो भने विदेशमा रहेका लाखौं नेपाली नेपालको सबैभन्दा ठूलो विश्वव्यापी शक्ति बन्न सक्छन् । भोटेकोशीको लेदोमा पुरिएका सपना फेरि उठाउन नेपाललाई केवल डोजर चाहिँदैन । चाहिन्छ–वैज्ञानिक ज्ञान, अन्तर्राष्ट्रिय वित्त, पारदर्शी शासन, सक्षम प्रशासन, भारत र चीनसँग व्यावहारिक सहकार्य, अमेरिका लगायत विश्वका साझेदारसँग प्रविधि र लगानीको सम्बन्ध र विदेशमा रहेका नेपालीको सामूहिक शक्ति । प्रधानमन्त्री बालेन्द्र शाहको न्यूयोर्क यात्रा यही अर्थमा नेपालको कूटनीतिक परीक्षाको घडी हो ।



अब नेपालको प्रश्न 'विश्वले हामीलाई कति सहयोग गर्छ ?' मात्र होइन । प्रश्न यो पनि हो–नेपालले आफ्नो पीडालाई कति शक्तिशाली अन्तर्राष्ट्रिय एजेन्डामा बदल्न सक्छ ? र अझ ठूलो प्रश्न–न्यूयोर्कबाट फर्किएपछि नेपाल आफैं कति बदलिन्छ ? किनकि संयुक्त राष्ट्रसंघको महासभाको मञ्चमा एक दिन नेपालका प्रधानमन्त्रीले बोलेको कुरा इतिहासको एउटा पानामा लेखिन सक्छ। तर त्यही भाषणबाट सुरु भएको नीति, सम्झौता, वित्त, प्रविधि र पुनर्निर्माणले नेपाली नागरिकको जीवन बदल्यो भने मात्र त्यो इतिहास बन्नेछ। नेपाल अहिले विश्वसँग सहयोग माग्ने मोडमा मात्र छैन । नेपाल विश्वलाई आफ्नो हिमालयको भविष्यसँग जोड्ने मोडमा छ । भोटेकोशीको बाढीले नेपाललाई एउटा कठोर पाठ दिएको छ–विपद् आउँदा उद्धार गर्ने राज्य पर्याप्त हुँदैन; विपद् आउनुअघि नागरिकलाई जोगाउन सक्ने राज्य चाहिन्छ । त्यसैगरी नेपालको कूटनीतिले पनि नयाँ पाठ सिक्नुपर्छ–विपद् भएपछि सहयोग माग्ने कूटनीति पर्याप्त हुँदैन; विपद् आउनुअघि विश्वलाई साझेदार बनाउने कूटनीति चाहिन्छ ।

न्यूयोर्कमा प्रधानमन्त्री शाहले यही नयाँ नेपालको आवाज बोल्न सके भने त्यसको प्रतिध्वनि महासभाको हलमा मात्र होइन, हिमालयका गाउँदेखि संसारभर छरिएका नेपालीको मनसम्म पुग्नेछ । (झा नेपाल पत्रकार महासंघ रौतहट का पूर्व अध्यक्ष हुन ।)

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday